स्थानीय सरकार

# खाँडादेवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प.सं.:-०८२।८३ माकादुम, रामेछाप बागमती प्रदेश, नेपाल

च.नं.:-

## गणक आवश्यकता सम्बन्धी सूचना

(प्रकाशन मितिः २०८३/२/११)

खाँडादेवी गाउँपालिकामा गरिब घरपरिवार पहिचान गर्ने प्रयोजनका लागि परिवार तथ्याङ्क संकलन गर्ने तथा गाउँपालिकाबाट खटाइएअनुसार अन्य आवश्यक तथ्याङ्क संकलन (किसान सूचिकरण, वस्तुस्थिति विवरण अधावधिक, वालबालिका प्रोफाईलको तथा तथ्याङ्क सकंलन, n-wash सँग सम्बन्धीत तथ्याङ्क संकलन तथा घर नं. वितरणको लागि तथ्याङ्क संकलन गर्ने सहजकर्ता आवश्यक परेको हुँदा इच्छुक तथा योग्य नेपाली नागरिकहरुबाट खुल्ला प्रतिस्पर्धामार्फत दरखास्त आह्वान गरिन्छ।यस सम्बन्धमा, यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८३/२/१८) भित्र आवश्यक कागजात तथा विवरणसहित यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

इच्छुक व्यक्तिहरुले गाउँपालिकाको आधिकारिक वेबसाइट https://khandadevimun.gov.np/sample-forms बाट दरखास्त फाराम डाउनलोड गरी आवश्यक विवरण भरी ito.khandadevimun@gmail.com मा वा गाउँपालिकाको प्रशासन शाखामा पेश गर्न सकिनेछ।

तपसिल

| पद | माग संख्या | करार अवधि | न्यूनतम योग्यता | छनौट विधि | काम गर्नुपर्ने वडा |
|---|---|---|---|---|---|
| गणक | ३ | १ महिना | १०+२ वा सो सरह (गरिव घरिपरिवार तथ्याङ्क संकलन) अरुको हकमा एस.एल.सी/एस.ई.ई वा सो सरह | अन्तरवार्ता | वडा नं.९ वा कार्यालयले खटाएबमोजिम |
| सहजकर्ता | १ | १ महिना | १०+२ वा सो सरह | अन्तरवार्ता | गाउँपालिका |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु (स्वयं प्रमाणित गरी):

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह उतीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि
- सहजकर्ताको हकमा ३ महिना कम्प्युटर तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि

अन्य योग्यता तथा सीपहरुः

- कम्प्युटर सफ्टवयेर चलाउने जान्ने, मोबाईल र कम्प्युटरमा युनिकोडमा टाईप गर्न सक्ने,
- मोबाइल एप प्रयोग गरी तथ्याङ्क संकलन गर्न सक्ने,
- खाँडादेवी गाउँपालिकाको स्थायी बासिन्दा भएको,
- यस अघि तथ्याङ्क संकलन कार्यमा कार्यमा संलग्न भएको र सम्बन्धित वडाकै व्यक्तिलाई प्राथमिकता दिईनेछ।

सेवा तथा सुविधाहरुः

- गरिब घरपरिवार पहिचान गर्ने प्रयोजनका लागि तथ्याङ्क संकलन वापत प्रति परिवार रु. ७५ (पचहत्तर) का दरले, किसान सूचिकरणको हकमा रु. ७५ का दरले, बालबालिका प्रोफाईलको हकमा प्रति परिवार रु. ६० देखी रु. १००, n-wash सँग सम्बन्धितको लागि प्रति घरधुरी/संस्था रु. १००, वस्तुस्थिति विवरण अद्यावधिको लागि रु. ३५ देखी रु. ६० र घउपलब्ध गराईनेछ।

- सहजकर्तालाई र नं. जिओकोर्डिनेट संकलनको लागि प्रति घर रु.१० उपलब्ध गराइनेछ।
- सञ्चार खर्च, यातायात तथा खाजा खर्च प्रचलित नियम तथा मापदण्ड बमोजिम उपलब्ध गराइनेछ।

यस सम्बन्धमा थप जानकारीको लागि खाँडादेवी गाउँपालिका वा ९७६९७६७३१५ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

युगेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत